नेपाल सरकार

गृह मन्त्रालय

लागु औषध नियन्त्रण शाखा

## अनुदानका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रकाशित मितिः २०८०।१०।२२ गते

लागु औषध प्रयोगकर्ताहरूको लागि उपचार तथा पुनर्स्थापना क्षेत्रमा कार्यरत संघ-संस्था/निकायलाई चालु आ.व. २०८०/८१ मा नेपाल सरकारको तर्फबाट अनुदान प्रदान गर्ने कार्यक्रम रहेकोले इच्छुक संघ-संस्था/निकायले **"लागु औषध उपचार तथा पुनर्स्थापना केन्द्रलाई प्रदान गरिने अनुदान वितरण कार्यविधि,२०७७"** को अनसूची-१ बमोजिमको ढाँचामा निम्न कागजातहरू संलग्न राखी १५(पन्ध्र) दिनभित्र यस शाखामा आवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ। थप जानकारीका लागि फोन नं.०१-४२११२२२/४२११२८३ मा सम्पर्क गर्नुहुन वा www.moha.gov.np हेर्नु हुन अनुरोध छ ।

निम्नः

क) संस्था दर्ता र नविकरण प्रमाणपत्रको प्रतिलिपि,

ख) सम्बन्धित संस्था वा व्यवसायिक फर्मको विधानको प्रतिलिपि,

ग) गृह मन्त्रालयमा आबद्धता भएको प्रमाणपत्रको प्रतिलिपि,

घ) वार्षिक साधारण सभाको निर्णयको प्रतिलिपि,

ङ) वार्षिक लेखापरीक्षण प्रतिवेदन,

च) मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

छ) अघिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

ज) केन्द्र/संस्था रहेको स्थानको नक्सा,

झ) संस्थाको वित्तीय, भौतिक र मानव संशाधन सम्बन्धी विवरण (अनुसूची-३ को ढाँचामा),

ञ) अनुदान प्राप्त भए पश्चात गरिने संक्षिप्त कार्ययोजना (अनुसूची-४ को ढाँचामा)

पुनश्चः यस मन्त्रालयबाट यसअघि अनुदान प्राप्त गरेको भए १ वर्ष पूरा भएको र केन्द्र स्थापना भएको २ वर्ष पूरा भएको हुनुपर्नेछ।

८०।१०।२२